# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर,नवलपरासी (बर्दघाट,सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

## नगरवासी महानुभाबहरुमा देवचुली नगरपालिकाको अनुरोध

२०७७ सालको विजय दशमीको उपलक्ष्यमा सुख-सम्बृद्धि, शु-स्वास्थ्य, दीर्घायु सहित कोरोना भाइरसलाई जित्न सक्ने शक्ति प्रदानका लागि श्री दुर्गाभवानीसँग पुकारगर्दे सवै नगरवासी महानुभाबहरुमा हार्दिक मंङ्गलमय शुभ-कामना व्यक्त गर्दछु ।

कोरोना भाइरस (कोभिड-१९) का संक्रमित नगरवासीहरुको संख्या दिनदिनै बढीरहेकोले यस वर्षको दशैं मनाउदा सवै नगरवासीहरु आ-आफ्नै घरमा सुरक्षितरही दशैं मनाउनु हुन र कोरोना महामारीबाट समाजमा रोग फैलिन नदिनका लागि निम्नानुसारका सतर्कता अपनाउनुहुन सम्वन्धित सवैमा देवचुली नगरपालिकाको तर्फबाट हार्दिक अनुरोध गर्दछु ।

- यसपटकको दशैंमा आशीर्बाद लिनका लागि कोही कसैको घरमा नजाने,अरुलाई पनि घरमा नबोलाइ आ-आफ्नो घरमा घर-परिवारका सदस्यहरुले मात्र रमाइलोसँग दशैं मनाई कोरोनाबाट बच्न र बचाउन सहयोग गरौं ।
- खसी-बोकाकाटी रमाइलो गर्ने नाममा सामुहिक रुपले जमघट नगरौं,समुदायका अधिकाँश व्यक्तिहरुमा यो रोग फैलिइ सकेको र यसले महामारीरुप लिनसक्ने भएकोले सवैजना सचेत बनौं ।
- अत्यावश्यक काम परी घर बाहिर जाँदा अनिबार्यरुपले माक्सको प्रयोग गरौं । समुदायमा मित्रबत व्यवहार गरौं, कोरोना जोसुकैलाई लाग्नसक्ने भएकोले संक्रमितलाई अपमान नगरौं ।
- देवी-देवताको मठ मन्दिरमा पुजारीबाट हुने नित्य पूजा बाहेकका सामुहिक पूजाआजा जस्ता कार्यक्रममा सहभागी नबनौं ।
- सामान किन्न आएका ग्राहकहरुलाई हरेक पसलेहरुले सामाजिक दुरी कायम गर्न लगाई, साबुन पानी र सेनिटाइजरको प्रयोगगरी भिडभाड हुन नदिने व्यवस्था मिलाउँ ।
- जुनसुकै विषयका सभा-समारोह, चियापान, शुभ-कामना आदानप्रदान, साँस्कृतिक कार्यक्रम जस्ता सामुहिक कार्यक्रमहरु सञ्चालन नगरौं ।
- श्वास प्रश्वासमा कठिनाई, अत्यधिक ज्यारो लगायत कोरोनासंग सम्वन्धित अन्य थप लक्षणहरु देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

महामारीको यस संङ्कटमा रोग लागेपछि पछुताउनु भन्दा रोग लाग्न नदिने उपाय अपनाउँ, आफु पनि बचौं र अरुलाइ पनि बचाऔं, सभ्य नागरिकको कर्तव्य पालना गरौं ।

२०७७ कार्तिक २ गते

(पूर्णकुमार श्रेष्ठ)
नगर प्रमुख

सम्पर्क नम्वर ०७८-५७५०१० इमेल devchulimunicipaliy@gmail.com